बलेफी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यलय
बलेफी, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

पत्र संख्या : २०७९।८०
च.नं : ११०

मिति : २०७९।०५।०५

विषय : जानकारी सम्बन्धमा ।

श्री वडा कार्यालय (**सबै**),
बलेफी गाउँपालका, सिन्धुपाल्चोक।

प्रस्तुत विषयमा जिल्ला प्रशासन कार्यालय, चौतारा, सिन्धुपाल्चोकको प.सं. ०७९।८०, च.नं. ३९६ मिति २०७९।०५।०१ को पत्र यसै साथ संलग्न गरी पठाईएको छ । सो सम्बन्धमा जिल्ला प्रशासन कार्यालयले नागरिकता, नाबालक परिचय पत्र, आदिवासी जनजाति र दलित जाति प्रमाणित लगायतका अन्य कागजात जारी गर्दा वडा कार्यालयको सिफारिसमा हुन सक्ने तपसिल बमोजिमका त्रुटी/गल्ति न्युनीकरण गरी नागरिकता सम्बन्धी ऐन तथा प्रचलित नियम/कानून बमोजिम आवश्यक सम्पूर्ण कागजात रीतपूर्वक भरेको सिफारिस तथा सक्कलै कागजात सहित पठाइ सेवाग्राहीलाई सरल सहज रुपमा सेवा प्रवाह गर्नुहुन समेत अनुरोध छ ।

तपसिल :

१. नागरिकता सम्बन्धमा
- १६ वर्ष नपुगी नागरिकता सिफारिस गर्ने गरेको,
- नागरिकताको सनाखत गर्न बाबु/आमा बाहेक तीन पुस्ता भित्रको अन्य व्यक्ति आउँदा नाता प्रमाणित समावेश नगरेको,
- त्यस्तै नागरिकताको सिफारिसमा वडा अध्यक्षले फोटोमा हस्ताक्षर नगरेको /छुट भएको,
- कार्यालयको छाप नलगाएको/छुट भएको,
- वडा अध्यक्षको अनुस्पिथतिमा कार्यवाहक वडा अध्यक्षको जिम्मेवारी दिइएको पत्र समाबेश नभएको, र
- कतिपय सेवाग्राहीले नेपाली नागरिकता प्रमाणपत्र बनाउन आउँदा सक्कल कागजात (बाबु आमाको नागरिकता, जन्मदर्ता, शैक्षिक योग्यताको प्रमाणपत्र ईत्यादी) नगरेकोले सेवाबाट बञ्चित हुनु परेको ।

देविलाल सापकोटा

२. प्रतिलपि नागरिकता सम्बन्धमा

- पतिको नाम थर वजन कायम गर्न आउँदा प्रतिलिपिको लागि आवश्यक सिफारिस हुनु पर्नेमा अनुसूची -१ को फारम भरेको, र
- किटानी सिफारिस हुनु पर्नेमा नभएको ।

३. संस्था दर्ता/ नवीकरण सम्बन्धमा

- संस्था दर्ता/ नवीकरणको लागि आउँदा सिफारिस नभएको ।

४. नाबालक परिचय पत्र सम्बन्धमा

- फोटो प्रमाणित सहित सिफारिस गर्ने नगरेको /छुट भएको, (थप उस्तै फोटो ५ वटा ल्याउने नगरेको),
- नाबालक परिचय पत्र बनाउन आउँदा सक्कल कागजात (बुबा आमाको नागरिकता, नाबालकाको जन्म दर्ता, शैक्षिक योग्ताको प्रमाणपत्र इत्यादी) सक्कल ल्याउने नगरेको,
- आमाको नागरिकतामा बाबुको नाम थर उल्लेख नभएको खण्डमा सक्कलै विवाह दर्ता ल्याउने नगरेको,
- नाबालकको बाबु आमा बाहेक तीन पुस्ताभित्रको अन्य व्यक्ति आउँदा नाताप्रमाणित र सम्बन्धित व्यक्तिको नागरिकता समावेश नगरेको कारण सेवाबाट बञ्चित हुनु परेको ।

५. राष्ट्रिय परिचयपत्र विवरण दर्ता सम्बन्धमा

- आमाको नागरिकतामा बाबुको नामथर उल्लेख नभएको खण्डमा सक्कलै विवाह दर्ता ल्याउने नगरेको,
- विवाह दर्ता नभएको खण्डमा छोरा छारी सक्कलै जन्मदर्ता ल्याउने नगरेको।

देवीलाल सापकोटा
प्रमुख प्रशासकीय अधिकृत

अनिल भण्डारी
अधिकृत छैटौं

देवीलाल सापकोटा
प्रमुख प्रशासकीय अधिकृत